**भरतपुर महानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय,**

**भरतपुर चितवन**

केन्द्रिय वस टर्मिनल र नारायणगढ वसपार्क संचालन तथा व्यवस्थापन सम्बन्धि ठेक्का संझौता मिति देखि ३ बर्ष ठेक्का अबधीका लागि

शिलबन्दी बोलपत्र आव्हान

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८०/०६/२६**

भरतपुर महानगरपालिका नगरकार्यपालिकाको कार्यालय भरतपुरले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (६२) उपदफा (२)बमोजिम महानगरपालिकाले निर्माण संचालन तथा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको सेवा उपयोग गरेवापत सम्वन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाइ सेवा शुल्क लगाउन सक्नेछ भन्ने प्रावधान रहेको छ । भरतपुर महानगरपालिका अन्तर्गत नगरपालिकाको स्वामित्वमा रहेको वडा नं. ९ तथा वडा नं. १ स्थित वस टर्मिनलहरु ठेक्का बन्दोवस्तद्वारा निजि क्षेत्रलाई सहभागि गराई संचालन गर्ने/गराउने सम्वन्धमा यस भरतपुर महानगरपालिका नगरकार्यपालिकाको कार्यालयद्वारा निर्धारित शर्त नियम तथा प्रावधानको परिधिभित्र रही उक्त वसपार्कहरु आ.व. ०८०/०८१ को सम्झौता मितिदेखी तीन (३) वर्ष ठेक्का अवधिका लागि लागि **E-Bidding** मार्फत ठेक्का वढावढको माध्यमवाट संचालन गर्न इच्छुक मान्यता प्राप्त फर्म संस्था कम्पनीले निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको वोलपत्र आव्हान गरिएको छ ।

(१) वोलपत्र फारम दस्तुर रु ५,०००/— (पछि फिर्ता नहुने गरी) वुझाई मिति २०८०/०७/१२ गते दिनको १२:०० वजे सम्म सार्वजनिक खरिद अनुमगन कार्यालयको www.bolpatra.gov.np वाट बोलपत्र **Download** तथा **Upload** गर्न सकिने छ ।

(२) तोकिएको वोलपत्र फारम खरिद दस्तुर यस कार्यालयको राजश्व महाशाखामा जम्मा गरेको नगदी रसिद वा यस कार्यालयको राजश्व महाशाखामा जम्मा गरेको नगदी रसिद वा यस कार्यालयको रा.वा. वैंक, भरतपुर स्थित हि. नं १३१०१००३०१०१०००२ मा जम्मा गरेको भौचर वोलपत्र कागजात साथ **Upload** गर्नुपर्नेछ ।

(३) बोलपत्र फारम खरिदकर्ताले फर्म दर्ताको प्रमाणपत्र/कम्पनी दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, भ्याट र प्यान दर्ता तथा नविकरण गरेको प्रमाणपत्र र आ.व. ०७९/०८० को कर चुक्ताको प्रमाणित प्रमाणपत्र वा सो आ.व.को लागि म्यादथप को पत्र पेश गर्नुपर्नेछ ।

(४) धरौटी वापतको रकम यस कार्यलयको नाममा रहेको श्री राष्ट्रिय वाणिज्य वैंक, भरतपुरको धरौटी खाता नं १३१०१००३०३००००००२ खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त वैंकले यस कार्यालयका नाउँमा जारी गरेको वैंक ग्यारेन्टी (**विड वण्ड**) संलग्न हुनु पर्नेछ । प्रचलित कानुन बमोजिम बोलपत्र जमानत (**विड वण्ड**) को मान्यअवधि न्युनतम १२० दिन कायम गरि बोलबत्र पेश गर्नु पर्ने छ ।

(५) बोलपत्र **स्वीकृत** भइ सम्झौताको लागि पत्राचार गरिएको पत्रको मितिले सात दिन भित्र पहिलो किस्ताको रकम वुझाई बाँकी रकमको वैंक जमानत सहित सम्झौताको लागि उपस्थित हुनुपर्नेछ ।

(६) कवोल अंकको दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

(७) एक फर्म वा कम्पनीको नाममा खरिद गरिएको वोलपत्र फारम अर्को फर्म वा व्यक्तीको नामवाट दाखिला गर्न पाइने छैन ।

(८) खरिद भएको वोलपत्र फाराममा आफ्नो फर्मको नाम, ठेगाना र कामको विवरण स्पष्ट उल्लेख गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट मिति २०८०/०७/१२ गते दिनको १२:०० वजे भित्र दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका वोलपत्रहरु सोही दिन १:०० वजे यस कार्यालयमा सरकारी प्रतिनिधी, वोलपत्रदाताका प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । समयमा वोलपत्रदाता वा निजहरुको प्रतिनिधी उपस्थित नभए पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।कारणवस सिलवन्दी वोलपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा विदाको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

(९) शिलवन्दी वोलपत्र फाराममा उल्लेख भएकोमा सोही वमोजिम र अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (शंसोधन समेत) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

(१०) थप जानकारी तथा अन्य आवश्यक सूचनाको लागि भरतपुर महानगरपालिकाको वेभसाइट www.bharatpurmun.gov.np वा भरतपुर महानगरपालिका कार्यालयको राजश्व व्यवस्थापन मशाशाखामा सम्पर्क राख्न सकिनेछ ।

(११) ठेक्का सम्झौता बखत तीन (३) आर्थिक बर्षका लागी बोलपत्रदाताले कबोल गरेको कुल रकमको (स्विकृत अंक) १५ प्रतिशत रकम बैक दाखिला गरेको बैक भौचर र ८५ प्रतीशत रकमको मान्यता प्राप्त बैकले भरतपुर महानगरपालिका कार्यालयका नाउँमा जारी गरेको बैक जमानत पेश गर्नु पर्नेछ ।

| शिलवन्दी वोलपत्र नं | कामको विवरण/आयोजनाको नाम | ठेक्का बर्ष अनुसार | न्युनतम कबोल रकम (भ्याट वाहेक) | वोलपत्र दस्तुर (फिर्ता नहुने गरी) | ठेक्का धरौटी |
|---|---|---|---|---|---|
| २०८०/८१-१ (आय) | केन्द्रिय वसपार्क तथा नारायणागढ बसपार्क संचालन र व्यवस्थापन कार्य | पहिलो बर्षको ठेक्का अबधिका लागि | ४,८५,७८,३२४/०० | रु ५०००/०० (पाँच हजार ) | जम्मा कुल कवोल रकमको ५ % (प्रतिशत) |
| | | दोस्रो बर्षको ठेक्का अबधिका लागि | ५,००,३५,७७३/०० | | |
| | | तेस्रो बर्षको ठेक्का अबधिका लागी | ५,२५,३७,४५७/०० | | |
| **जम्माः- पन्ध्र करोड एघार लाख एकाउन्न हजार चारसय चौवन्न** | | | **१५,११,५१,४५४/००** | | |

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय